# साझा अवधारणा पेश गर्ने तयारी

भुवन केसी/तिलक पाठक

***प्रकाशित मितिः*** माघ २, २०७१

संविधानसभा संवाद तथा सहमति समितिले बुझाएको संविधानका विवादित विषयलाई पुनः सहमतिका लागि संवाद समितिमा ल्याउने सम्भावना टरेपछि नयाँ समिति बनाउने कि सोझै अघि बढ्ने भन्नेमा काँग्रेस र एमालेले छुट्टै छलफल गरे । संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले संविधानसभा नियमावली अनुसार नयाँ समिति गठन गर्ने तयारी गरिहेका बेला काँग्रेस र एमालेले नयाँ समिति बनाउनुभन्दा विषयवस्तुलाई सिधै संविधानसभामा पेश गर्ने र दुई तिहाई बहुमतले पारित गरी संविधान मस्यौदा समितिमा पठाउनुपर्नेमा जोड दिए । प्रश्नावली समिति बनाएर जाँदा प्रकृया अझ लम्बिने ठहऱ्याउँदै आफ्नो प्रस्ताव सिधै पारित गरेर लैजाने निष्कर्षमा यी दुई दल पुगेका हुन् ।[1]

त्यसका लागि उनीहरु साझा अवधारणामा केही संशोधन गर्दा हुने निष्कर्षमा पुगेका थिए । एमाओवादी लगायतका प्रतिपक्षी दलहरुसँग सहमति नभएकाले प्रश्नावली बनाएर अघि बढ्दा थप समस्या हुने उनीहरुको ठम्याइ थियो । त्यसैले सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बसेको एमाले स्थायी समितिको बैठकले साझा अवधारणालाई संशोधनसहित संविधानसभामा पेश गर्ने निर्णय गऱ्यो । उता, बालुवाटारस्थित प्रधानमन्त्री कार्यालयमा बसेको काँग्रेस संसदीय दलको बैठकमा बोल्दै सभासद्हरुले पनि एमाओवादीको धम्की र त्रासबाट पछि नहट्न नेतृत्वलाई दबाब दिए ।[2]

काँग्रेस र एमाले साझा प्रस्तावलाई अघि बढाउने पक्षमा भएपनि सहमतिका लागि ढोका भने खुल्लै राखे । यता एमाले स्थायी समिति बैठकले एमाओवादी संघीयतामा लचक भए शासकीय स्वरुपमा लचक हुने निर्णय गऱ्यो । न्याय प्रणालीमा पनि लचक हुन सक्ने एमालेको भनाइ थियो । यसअघि काँग्रेससँग संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री र संवैधानिक राष्ट्रपतिको पक्षमा मिल्न पुगेको एमाले एमाओवादी संघीयतामा बहुपहिचान र थोरै प्रदेशमा आए जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कार्यकारी हुने व्यवस्थामा पुनः आउन तयार थियो । यस्तै काँग्रेसका सभासद्हरुले एमाओवादी र मधेशवादी दलहरु सहमतिमा आउने भए निर्वाचन प्रणालीमा केही लचक हुन नेतृत्वलाई सुझाव दिए ।

## प्रतिवादको तयारी

काँग्रेस, एमाले लगायतका दलहरु दुई तिहाइ बहुमतका आधारमा अघि बढ्ने छनक पाएपछि एमाओवादी थप आक्रोशित भयो । एमाओवादीका केही नेताले उस्तै परे संविधानसभा पनि बहिस्कार

[1] मस्यौदा समितिमा जाने । माघ २, २०७१ । कान्तिपुर, पृ. १ ।

[2] कान्तिपुर टिभी । माघ २, २०७१ ।

गर्न सक्ने बताइरहेका बेला बसेको एमाओवादीको पोलिटब्यूरो बैठकले संविधानसभा बहिस्कार नगर्ने निर्णय गऱ्यो । बहिस्कार गर्दा सत्ता पक्षलाई फाइदा हुन्छ भन्ने एमाओवादीको ठम्याइ थियो । त्यसैले उसले सहमतिमा जोड दिने तर सत्तापक्षीय दलहरुले जर्बजस्ती पेलेर अघि बढ्न खोजे संविधानसभाभित्र प्रतिवाद गर्ने निर्णय गऱ्यो ।

सत्तापक्ष आ-आफ्नो रणनीतिमा रहेका बेला प्रतिपक्षी दलहरुले पनि गठबन्धनमा अझै धेरै दलको समर्थनका लागि पहल गरे । यसअघि ३० दलिय मोर्चा रहेमा एमाओवादी, मधेश केन्द्रीत दल संविधानसभा बाहिर रहेका राजनीतिक दल र संगठनसँग पनि मोर्चाबन्दी गरी अघि बढ्न सहमत भए । टेकुमा एमाओवादी, मधेश केन्द्रीत राजनीतिक दल, नेकपा माओवादी, तराई मधेश राष्ट्रिय अभियान लगायतसँगको भेलापछि पहिचानसहितको संघीयतका लागि संविधानभित्र र बाहिर रहेका दलहरुबीच मोर्चाबन्दी गर्ने सहमति भयो । विगतका आन्दोलनबाट प्राप्त उपलब्धीहरु धरापमा परेको भन्दै त्यसको संरक्षणका लागि एउटै मोर्चा बनाएर अघि बढनुको विकल्प नभएको उनीहरुको निष्कर्ष थियो । यता, प्रधानमन्त्री सुशील कोइरालाले पनि आफू विनविनको स्थितिमा सहमति गर्ने पक्षमा रहेको भन्दै सहमतिमा आउन प्रतिपक्षी दलहरुलाई आग्रह गरिरहे ।

## पछि नहट्ने

संविधानसभा अध्यक्ष नेम्वाङ राजनीतिक दलहरुबीच संविधानका विवादित विषयमा सहमति नभएपछि प्रकृयाबाट अघि बढ्ने पक्षमा उभिए । काँग्रेस र एमालेले साझा अवधारणालाई सिधै अघि बढाउने पक्षमा भएपनि संविधानसभा अध्यक्ष नेम्वाङले विवादित विषयलाई संविधानसभामा पेश गर्नका लागि प्रश्नावली समिति बनाएरै अघि बढने तयारी गरे । माघ ८ गतेसम्ममा संविधान निर्माण प्रकृयालाई अघि बढाउने पक्षमा देखिएका नेम्वाङले दलहरुबीच सहमति नभएपनि प्रकृयाबाट पछि नहट्ने बताए ।[3] नेम्वाङले दलहरुबीच सहमति भए माघ ८ गते संविधान आउन सक्ने धारणा व्यक्त गरे ।

## निष्कर्ष

सत्तारुढ दलहरुले नौ बुँदे साझा अवधारणालाई संविधानसभामा निर्णयार्थ पेश गरी पारित गरेर संविधान मस्यौदा समितिमा पठाउने बताएपनि त्यसलाई संविधानसभा नियमावलीको दफा अनुसार अघि बढाउने भन्ने स्पष्ट थिएन । प्रश्नावली बनाएर अघि बढ्दा प्रकृया लामो हुने र थप समस्या आउने ठानेर छिटो छरितो उपाय निकाले पनि त्यसमा संविधानसभा अध्यक्ष नेम्वाङ सहमत हुने अवस्था थिएन । नेम्वाङ समिति बनाएर अघि बढ्न खोज्ने र काँग्रेस र एमाले सिधै प्रवेश गर्न खोज्दा समस्या देखापऱ्यो ।

सत्तारुढ दलले प्रकृयालाई नै जोड दिने र मुख्य प्रतिपक्षी दल एमाओवादीले जर्बजस्ती प्रकृयामा प्रवेश गरिए प्रतिवाद गर्ने निर्णयले सहमति भन्दा पनि मुठभेठको राजनीतिलाई प्रश्रय दियो । राष्ट्रपति

[3] कान्तिपुर टिभी । माघ २, २०७१ ।

रामवरण यादवले समेत सहमतिमा अघि बढ्न जोड दिए । तर, राजनीतिक अवस्था भने न त दलहरुबीच सहमतिमा हुने न त सहज रुपमा प्रकृयामा प्रवेश गर्ने तहमा रह्यो ।

## माघ १ को मुख्य राजनीतिक गतिविधि

- एमाले स्थायी समिति बैठक, दलहरुको नौ बुँदे साझा अवधारणालाई संशोधन गरी संविधानसभामा पेश गर्ने निर्णय ।
- काँग्रेस संसदीय दलको बैठक, दलहरुको साझा अवधारणालाई नै निर्णयार्थ पेश गरी अघि बढनुपर्नेमा सभासद्हरुको जोड ।
- एमाओवादी पोलिटब्यूरोको बेठक, सत्तापक्ष जर्बजस्ती अघि बढे प्रतिवाद गर्ने निर्णय ।
- संविधानभित्र रहेका प्रतिपक्षी दलहरु र सत्ताबाहिर रहेका दलहरुको टेकुमा भेला, पहिचानसहितको संघीयताका लागि मोर्चा बनाएर अघि बढ्ने निर्णय ।
- संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङद्वारा पत्रकारसँग कुराकानी, सहमति नभए प्रकृयाबाट अघि बढ्ने भनाइ ।
- संविधान निर्माणका लागि लचिलो हुँदाहुँदै पनि प्रतिपक्षीहरु आन्दोलनतिर लागेकोमा प्रधानमन्त्री सुशील कोइरालाद्वारा आश्चर्य व्यक्त, सहमतिमा आउन आग्रह ।
- राष्ट्रपति रामवरण यादव र प्रधानमन्त्री सुशील कोइरालाबीच भेटवार्ता, सहमतिका आधारमा संविधान ल्याउन राष्ट्रपतिको आग्रह ।